महाराजगंज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०७९/०८०

चलानी नंः ३८

मितिः २०७९/०६/२५

श्री सामुदायिक माध्यमिक विद्यालयहरु (सबै)

महाराजगंज नगरपालिका, कपिलवस्तु ।

विषयः तालिम कार्यशालामा सहभागिता सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा यस महाराजगंज नगरपालिकाको आ.व २०७९/०८० को शिक्षा निशर्त तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा व्यवस्थापन सम्बन्धी तालिम/कार्यशाला तपसिलको मिति, समय र स्थानमा संचालन हुने हुँदा यस महाराजगंज नगरपालिका अन्तर्गत माध्यमिक तह सञ्चालित सामुदायिक विद्यालयहरुबाट तपसिल बमोजिमको संख्यामा **शिक्षक तथा विद्यालय कर्मचारी (लेखापाल)** ज्यूहरुलाई विद्यालयको पत्र तथा ल्यापटप सहित अनिवार्य उपस्थिति गराइदिनुहुन सम्बन्धित सबै विद्यालयहरुलाई जानकारीका लागि अनुरोध छ ।

तपसिलः

माध्यमिक तह (९-१२) मा अध्यापनरत शिक्षक २ (दुई) जना र विद्यालय कर्मचारी (लेखापाल) १ (एक) जना ।

मितिः २०७९/०७/०१ देखी २०७९/०७/०३ गते सम्म ३ (तीन) दिन ।

समयः बिहान ११:०० बजे (प्रति दिन ३ वटा सत्र)

स्थानः श्री भद्र माध्यमिक विद्यालय, महाराजगंज-०२, पडरियाको सूचना तथा सञ्चार प्रविधि कक्ष ।

०७९।६।२५

रेस्मी राज अर्याल

उप सचिव

द्रष्टव्यः विद्यालयबाट सहभागी पठाइएको पत्रमा अनिवार्य रुपमा तालिम सञ्चालनको अवधि प्रष्ट रुपबाट खुल्ने गरी यस पूर्व कुनै पनि तालिम नलिएको शिक्षकलाई पहिलो प्राथमिकतामा राखि पठाउनुहुन समेत अनुरोध छ ।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः **Website** मा **Upload** गरिदिनुहुन ।